# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, फागुन २२ गते, २०८१ साल (संख्या ११


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

## सूचना

**सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ को अनुसूचीमा हेरफेर**



सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ को नियम २५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले उल्लिखित नियमावलीको अनुसूची-९ को खण्ड (ग) मा देहाय बमोजिम हेरफेर गरेको छः-

१. **अनुसूची -९ को खण्ड (ग) मा हेरफेर** : अनुसूची-९ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) अन्य

| क्र.सं. | कार्यक्रमको नाम | अनुदानको मापदण्ड | अनुदान प्रतिशत वा सीमा | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि ऋणको ब्याजमा अनुदान | • अनुमति प्राप्त वित्तीय संस्थाहरुबाट पाँच करोड रुपैयाँसम्मको कृषि ऋणमा | • अनुदानग्राहीले न्यूनतम १% तिर्ने गरी दुई करोड रुपैयाँसम्मको कृषि ऋणमा अधिकतम ८% ब्याज अनुदान र अनुदानग्राहीले न्यूनतम १% तिर्ने गरी दुई करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्मको कृषि ऋणमा अधिकतम ६% ब्याज अनुदान | विशेष अवस्थामा तोकिएको मापदण्ड, अनुदान प्रतिशत र सीमामा प्रदेश सरकारको निर्णय बमोजिम हेरफेर हुन सक्ने |

| | | | | |
|---|---|---|---|---|
| २. | भन्सार शुल्कमा अनुदान | • कार्यालयबाट अनुमति लिई आयात गरिएको कृषि पूर्वाधारमा लागेको भन्सार शुल्कमा | • अधिकतम दश लाख रुपैयाँमा नबढ्ने गरी भन्सार शुल्कको ५०% | |
| ३. | विद्युत महशुलमा अनुदान | • कार्यालयबाट अनुमति लिई कृषि उत्पादन कार्यमा प्रयोग गरिएको विद्युत शुल्कमा | • कोल्डस्टोर र कोल्डच्याम्बरको लागि अधिकतम पाँच लाख रुपैयाँमा नबढ्ने गरी विद्युत शुल्कको ५०%<br>• अन्य कृषि कार्यको हकमा अधिकतम दुई लाख रुपैयाँमा नबढ्ने गरी विद्युत शुल्कको ५०% | |





| | | | | |
|---|---|---|---|---|
| ४. | बाली तथा पशुपन्छी बीमाको प्रिमियममा अनुदान | • अनुमति प्राप्त बीमा कम्पनी र सहकारी संस्थाबाट गरिएको बाली तथा पशुपन्छी बीमामा | • बीमकले पाँच लाख रुपैयाँसम्मको प्रिमियममा निःशुल्क र सो भन्दा बढीको प्रिमियममा प्रिमियमको १०% तिर्ने गरी प्रदेश सरकारले संघीय सरकारले प्रदान गर्ने अनुदानमा थप अनुदान दिने | |

**आज्ञाले,**
**गोकुलप्रसाद बोहरा**
**प्रदेश सरकारको निमित्त सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-